# आ.व.२०८२/०८३ का लागि मानेभन्ज्याङ गाउँपालिकाको दोस्रो गाउँसभाको सत्रौ अधिवेसनको पहिलो बैठकमा अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दालीबाट प्रस्तुत नीति तथा कार्यक्रम

**गाउँसभाका सम्पूर्ण सदस्यहरू**

यस गाउँपालिकाको दोस्रो गाउँसभाको सत्रौ अधिवेसनको पहिलो बैठकमा आ.व. २०८२/०८३ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व ऐतिहासिक जनआन्दोलन एवम् नेपाली जनताको विविध कालखण्डमा भएका सङ्घर्षको क्रममा जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै ती सङ्घर्षका क्रममा घाइते तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान र स्मरण गर्न चाहन्छु ।

प्रजातन्त्र, लोकतन्त्र साथै विभिन्न काल खण्डमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय अग्रजहरू साथै सम्पूर्ण गाँउपालिका बासीले पुर्याउनु भएको योगदानले सदैव हामीलाई प्रेरणादायी र कर्तव्य निष्ठ बन्न हौसला प्रदान गर्नेछ भन्नेमा म विश्वस्त रहेको छु ।

गाउँपालिकाका तर्फबाट विभिन्न समयमा सङ्घीय तथा प्रादेशिक सरकारसँगका समझदारी, **(UNFPA)**, गोर्खा वेलफेयर ट्रष्ट नेपाल, पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना **(NAFA)**, ग्रामीण उद्यम तथा आर्थिक परियोजना **(REED)**, आर्थिक करिडोर कार्यालय, **(DCRL)** सिएमसी नेपाल, करुणा फाउन्डेसन, सामी कार्यक्रम लगायत विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्थासँग गरिएका समझदारीपत्र तथा सम्झौतालाई र निरन्तर सरकारको अभ्यासलाई मनन गर्दै यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

गाउँपालिकाबासीका असीमित अपेक्षा, हामीसँग रहेको सीमित स्रोत साधनको समुचित प्रयोग तथा निर्वाचनका बेला हामीले जनतासामु गरेको देखिने, सुनिने र बुझिने सरकारको प्रतिबद्धतालाई पुनस्मरण गर्दै जनताको हामीसँगको आशा र अपेक्षामा तुषारापात हुन नदिन आत्मनिर्भर गाउँपालिका निर्माणको महाअभियानलाई साकार रूप दिन यो नीति तथा कार्यक्रममा यथाशक्य प्रयत्न गरेको छु ।

राज्यको समाजवाद उन्मुख नीति बमोजिम शिक्षा र स्वास्थ्यलाई सामुदायिकीकरणको प्रयत्न, कृषि तथा पर्यटनमा जोड, श्रम तथा रोजगारलाई उच्च प्राथमिकता र सार्वजनिक सेवा प्रवाहमा मुस्कानसहितको अवधारणा अँगाल्दै क्षेत्रगत रूपमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## कृषि तथा पशुः

- ❖ कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिई नागरिकको आय आर्जनमा टेवा पुर्याउन राष्ट्रिय राजनीतिमा योगदान गर्नुहुने स्व. बल बहादुर राईको नाममा स्थापित बल बहादुर राई गरिबी निवारण कोषलाई बैदेशिक रोजगार कृषि उत्पादन सहकार्य, किसान जोखिम कोष व्यवस्थापन, कृषक ब्याज अनुदान लगायतमा जोडी निरन्तरता दिइनेछ ।
- ❖ स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरू मुलुकका मुख्य शहर र विभिन्न जिल्लामा बिक्री वितरण गरिनेछ।
- ❖ स्थानीय कृषि उपज बिक्री केन्द्र स्थापना गरी सडक बजार सञ्चालनमा ल्याइनेछ ।
- ❖ दुध उत्पादक कृषक समुहहरूलाई ७५ प्रतिशत गाई,भैंसी खरिद अनुदान उपलब्ध गराईनेछ ।
- ❖ कृषि पेशालाई यान्त्रिकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरणका माध्यमबाट थप मर्यादित र सम्मानित पेशाको रूपमा विकाश गरिनेछ।
- ❖ मासु र दुध उत्पादन बढाउनको लागि पशु चौपायाहरूमा कृत्रिम गर्वाधान कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ पशुपालनमा रहेको आहारको समस्या समाधान गर्न घाँस र विउ वितरण गरी एक घाँस स्रोत केन्द्र स्थापना गरिनेछ।
- ❖ कृषकहरूलाई सहज रूपमा बिरुवा उपलब्ध गराउन कृषि नर्सरी स्थापना गरी फलफूल तथा अन्य बिरुवा बिक्री वितरणको वातावरण बनाइनुका साथै दिगो रोजगारी सिर्जना गरिनेछ।
- ❖ स्थानीय रैथाने वाली गाजा लगायत अन्य उत्पादनहरूको प्रवर्धन गर्न आर्गानिक प्रमाणित गरी प्याकेजिङ, ग्रेडिङ, ब्रान्डिङ तथा बजारीकरण गरी सडक बजारका रूपमा विकास गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुदः

- ❖ गाउँपालिकामा दक्ष जनशक्ति निर्माणका लागि एमबिबिएस र इन्जिनियरिङ अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने नीति लिइनेछ।

- गाउँपालिकामा एक सामुदायिक क्याम्पस सञ्चालनका लागि बजेट विनियोजनलाई निरन्तरता दिईनेछ ।
- टिपिडि तालिमको अभावमा लामो समयदेखि बढुवा हुन नसकेका शिक्षक लक्षित गरी गाउँपालिकाको तर्फबाट शिक्षा तालिम केन्द्रको सहकार्यमा टिपिडि तालिम सञ्चालन गरी कार्यस्थलमा उत्प्रेरणा जगाउने नीति लिइनेछ ।
- विद्यार्थीको प्रतिभालाई सिकाइसँग जोड्न कक्षा एक प्रथम, भित्ते पत्रिका लेखन अनेक जस्ता नीति लिइनेछ ।
- निःशुल्क र सःशुल्क आवासीय विद्यालय निर्माणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- विद्यार्थीको वृत्तिविकास मार्गदर्शनका लागि विद्यार्थीसँग राष्ट्रसेवक कार्यक्रम सुरु गरिनेछ।
- विद्यार्थीहरूको नेतृत्व विकास र प्रतिभा पहिचानका लागि विभिन्न शैक्षिक अतिरिक्त कार्यक्रमलाई शैक्षिक महत्सोवको रूपमा आयोजना गर्ने व्यवस्था मिलाईनेछ ।
- पालिका भित्र सञ्चालित विधालयमा कार्यरत शिक्षकहरू मध्यबाट विषयविज्ञ र रोष्टर शिक्षकको व्यवस्था मिलाईनेछ।
- विद्यार्थी सङ्ख्या न्युन भएका विद्यालयमा घुम्ती तथा प्रविधि शिक्षा कार्यक्रम गरिनेछ।
- प्रतिस्पर्धाको आधारमा सामुदायीक विधालयमा प्रधानाध्यापक छनौटको नीति लिईनेछ।
- सरकारी विद्यालयलाई क्रमशः नमुना विद्यालयको रूपमा विकास गरिनेछ ।
- गाउँपालिका र जिल्लास्तरीय राष्ट्रपति कपमा सहभागी हुने विद्यार्थी खेलाडीलाई पोशाक र आवश्यक प्रवन्धसहित व्यवस्थित रूपमा आयोजना गर्न बजेट विनियोजन गरिनेछ ।
- विद्यालय जोड कोष कार्यान्वयनमा आएका तथा मागका आधारमा थप विद्यालयलाई सो कार्यक्रम निरन्तरताको लागि बजेट विनियोजन गरिनेछ ।
- चमेना गृह सञ्चालनामा रहेका विधालयलाई दिवा खाजा प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- स्थानीय खेलाडीलाई अन्य स्थानमा हुने प्रतियोगितामा सहभागी हुन जाँदा गरिने सहयोगलाई निरन्तरता दिइनेछ ।

- ❖ आवश्यकताका आधारमा शिक्षकको दरबन्दी मिलान गरी शिक्षक विधार्थी अनुपात मिलाईनेछ। आवश्यक मापदण्ड तयार गरी विधालय गाभ्ने एवम कक्षा थपघट गरिनेछ।
- ❖ विधालयमा रिक्त हुने शिक्षक तथा विधालयको कर्मचारीहरूको पदपूर्ति गाउँपालिका मार्फत सञ्चालन गरिनेछ।
- ❖ मानेभन्ज्याङ गाउँपालिका भित्र सञ्चालित न्यून शिक्षक दरबन्दी भएका सामुदायिक विधालयहरूमा स्वयंसेवकको रूपमा शिक्षक व्यवस्थापन गर्न रकम उपलब्ध गराईनेछ।

**<u>स्वास्थः</u>**

- ❖ चौबिसै घण्टा आकस्मिक सेवा सञ्चालनको व्यवस्था सहित कम्तीमा ५ शैयाको सामुदायिक अस्पताल निर्माणको कार्य सुरु गरिनेछ ।
- ❖ मानेभन्ज्याङ गाउँपालिकामा सञ्चालित एम्बुलेन्स सेवा सुलभ मुल्यमा आधुनिक यन्त्रिकरण र स्वास्थ्य कर्मि सहित सञ्चालनको व्यवस्था गरिनेछ ।
- ❖ गाउँपालिकाका ६० वर्ष पूरा गरेका नागरिकलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने नीति लिइनेछ ।
- ❖ मानेभन्ज्याङ स्वास्थ्य चौकीलाई दीर्घरोगी, अति अशक्त, अपाङ्ग स्याहार केन्द्र सञ्चालन गरिनेछ ।
- ❖ प्रत्येक स्वास्थ्य संस्था मार्फत सामुदायिक औषधी कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ प्रत्येक स्वास्थ्य संस्थामा मासिक रुपमा एक पटक डाक्टर सहितको ओ.पि.डी. सेवा कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ आ.व. २०७९/८० देखि सुरु गरिएको घुम्ती स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।
- ❖ ५८ वर्ष उमेर पुगेका र दोहोरो सुविधा नलिएका महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई अवकास दिंदा दिइने प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ। ।
- ❖ गाउँपालिकाभित्र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई निःशुल्क औषधी उपलब्ध गराइनेछ ।

- सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम मार्फत मानसिक समस्या भएका बिरामी तथा बिरामीका अभिभावकलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी मनोसामाजिक परामर्श सेवा तथा नियमित औषधी प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- नागरिकलाई सर्वसुलभ मूल्यमा सहज रूपमा औषधी खरिद गर्न पाउने वातावरण सिर्जना गर्न प्रत्येक स्वास्थ्य चौकीमा सामुदायिक औषधी बिक्री वितरण केन्द्र स्थापना गरिनेछ।
- आयुर्वेद औषधालयबाट प्रदान भएको सेवालाई थप प्रभावकारी बनाउँदै स्थानीय जडीबुटी स्रोतको पहिचान तथा संरक्षण गरिनेछ।
- गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा जन्मिएका बालिकालाई बालिका बचत कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- कानून बमोजिम औषधी प्रयोजनका लागि गाउँपालिकाभित्र गर्न सकिने गाजा खेतीको सम्भाव्यता अध्ययन गरी सङ्घीय सरकारलाई सिफारिस गरिनेछ ।कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- मानेभन्ज्याङ गाउँपालिकाले प्रदेश सरकार,सामाजिक विकास मन्त्रालय र करूणा फाउन्डेशन नेपालसँग त्रिपक्षिय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## श्रम तथा रोजगारः

- रोजगारीको खोजीमा रहेका व्यक्ति र जनशक्ति खोजिरहेका रोजगारदाता एवम् सेवा प्रदायकलाई रोजगार सेवा केन्द्रमार्फत श्रम संसार प्रणालीमा आबद्ध गरी हात हातमा रोजगारी, हात हातमा श्रमिकको नीति लिइनेछ ।
- गाउँपालिका तथा वडाद्वारा सञ्चालन हुने सम्पूर्ण आयोजनामा अदक्ष कामदारका रूपमा सम्बन्धित वडाका सूचीकृत बेरोजगार व्यक्तिहरूलाई अनिवार्य रूपमा काममा खटाई सम्बन्धित श्रमिकको बैंक खातामार्फत ज्याला भुक्तानी गर्ने गरी न्यूनतम रोजगारी प्रत्याभूत गरिने नीति लिइनेछ ।
- गाउँपालिकाभित्रका सम्पूर्ण विधागत तथा क्षेत्रगत दक्ष जनशक्ति सूचीकृत गरिनेछ । गाउँपालिकाभित्र सञ्चालन हुने तीनै तहका सरकारका आयोजनामा सूचीकृत दक्ष जनशक्ति अनिवार्य रूपमा प्रयोग तथा स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

- वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण तथा कम गर्न हरेक महिनाको एक दिन रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारी सम्बन्धी सूचना र परामर्श प्रदान गरिनेछ ।
- स्थानीय श्रम बजारको अध्ययन गरी आन्तरिक रोजगारीका अवसरहरूमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरूको पहिचान एवम् रोजगार सम्बद्ध रोजगारदाता तथा सेवाहरूको नक्साङ्कन गरिनेछ ।
- हरेक महिनाको एक दिन अध्यक्षको अगुवाईमा जनप्रतिनिधिहरूले अनिवार्य रूपमा श्रमदान गर्ने नीति लिइनेछ । उक्त कार्यमा सहभागिताका लागि सम्पूर्ण कर्मचारी, शिक्षक एवम् आम जनसमुदायलाई अपिल गरिनेछ।

## वातावरण,जलविद्युत, खानेपानी तथा वैकल्पिक ऊर्जाः

- यस गाउँपालिकाको दूधकोशी जलाधार क्षेत्रमा निर्माण गरिएका पानी स्रोत व्यवस्थापन, संरक्षण खेती, पोखरी, कंटूर ट्रेच जस्ता क्रियाकलापहरूको यथोचित मर्मत सम्भार तथा जलाधार व्यवस्थापन सम्बन्धी अन्य कार्यक्रम संचालनमा विशेष जोड दिइनेछ ।
- मोलुङ बालेथुम्का खानेपानी लिफ्टिङ योजना यसै वर्ष सम्पन्न गर्ने लक्ष्य लिइनेछ ।
- मोलुङ खोलाबाट एक मेगावाट विद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ ।
- प्रत्येक सरकारी संघ सस्थाहरूमा बहुउपयोगि विरूवाहरू बृक्षारोपण गरिनेछ।
- उर्जालाई उत्पादन तथा व्यवसायीकरणमा जोड दिइनेछ ।
- मानेभन्ज्याङ गाउँपालिका अन्तर्गतका सबै वडाका सुक्खा क्षेत्रहरूको पहिचान गरि बोरिङ् खानेपानी प्रविधिलाई प्राथमिकतामा राखिनेछ।
- जन्तरखानी खानेपानीको मुहान सञ्चालनका लागि पहल गरिनेछ ।
- प्रत्येक टोल र बस्तीमा स्वच्छ खानेपानी उपलब्ध गराउन वडा कार्यालयको अगुवाइ तथा स्थानीय सरोकारवालाहरूसँगको सहकार्य र समन्वयमा समुदाय परिचालन नीति बनाई लागू गरिनेछ ।
- जीर्ण रहेका खानेपानी योजनाहरू मर्मत सम्भार र व्यवस्थापनमा जोड दिई उपभोक्ताहरूमा खानेपानी पहुँचमा वृद्धि गरिनेछ ।
- स्वच्छ वातावरण सृजना गर्न हाम्रो दायीत्व भन्ने भनाईलाई अनुसरण गर्दै यस पालिका भित्र भित्रिने सिसा(बैकल्पिक) र पलास्टिक जन्य बस्तुको आयतमा रोक लगाउने नीतिलाई अनुसरण गरी कार्यान्वयनमा ल्याइनेछ ।

- बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न आवश्यक नीति तर्जुमा गरी फोहोर व्यवस्थापन गरिनेछ साथै बजार तथा अत्यावश्यक सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयको निर्माण गरी निशुल्क सेवा प्रवाहको प्रवन्ध मिलाईनेछ।
- नवीकरणीय ऊर्जाको क्षेत्रलाई जनमुखी, दिगो र सहभागीतात्मक बनाउन समुदाय, वार्ड र पालिका स्तरमा ऊर्जा योजना बनाउन महिला तथा आमा समूह, कृषक समूह, पछाडी पारिएका र बञ्चीतीकरणमा पारिएका समूहहरुलाई योजना निर्माण प्रक्रियमा सहभागीता गराईने छ ।
- घना बस्तीका सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा सडक बत्ति प्रयोग गरिनेछ ।
- नवीकरणीय ऊर्जामा आधारित उद्यमहरू सञ्चालनका लागि व्यावसायिक सम्भाव्यता अध्ययन गरिने ।
- महिला, विपन्न तथा सिमान्तकृत बर्गहरुको सामाजिक तथा आर्थिक विकास र रोजगारी श्रृजना गर्न ऊर्जामा आधारित हुँने गरी सिपविकासका तालिमहरु सञ्चालन गर्न समन्वय गरिने छ । यस्ता सिपविकास तालिम लिएका उद्यमीहरुलाई ऊर्जाको प्रयोगमा आधारीत ब्यवसाय सञ्चालन गर्न लघुउद्यम कार्यक्रम सँग समन्वय गरी सहयोग गरिने छ ।
- उर्जामा आधारित बृहत सामाजिक बिकासको लागि कार्यक्रम प्रवद्धन गर्न साझेदार सस्थासँग समन्वय गरि योजना वनाइ कार्यन्वयन गरिने छ ।
- साना बस्ती तथा टोलहरुमा खानेपानीको समस्या लाई समाधानको लागी सौर्य लिप्टको माध्यम बाट ब्यवस्था गरिने छ ।
- राष्ट्रीय प्रशारण लाईनको बिजुली पुगेको तर विभिन्न कारणले कम भोल्टेज पुगेको र गुणस्तरीय विद्युत आपूर्ती नभएका ठाउँहरुमा गुणस्तरीय विद्युत आपूर्तीकोलागी नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरी विद्युतको गुणस्तर बढाइनेछ साथै विधुत नपुगेका टोल वस्तिहरूमा विस्तारको लागि पहल गरिनेछ।
- बजार क्षेत्रका होटल तथा घरबाट निस्किएको फोहोर पानीलाई एकिकृत रूपमा व्यवस्थापन गरी कृषि सिँचाईका लागि प्रयोग गरिनेछ।

## सहरी विकास तथा भौतिक पूर्वाधारः

- ❖ पूर्व मन्त्रि स्व.बलबहादुर राई ग्रामीण समावेशी सडक निर्माण कार्यलाई अगाडि बढाइनेछ।
- ❖ वडा कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवालाई व्यवस्थित गर्न वडा कार्यालयहरू निर्माणलाई क्रमशः सम्पन्न गर्दै लगिनेछ ।
- ❖ सबै वडामा विस्तार भएको इन्टरनेटलाई टोल र वस्तीस्तरमा पुऱ्याइने नीति लिइनेछ ।
- ❖ केत्तुके र मानेभन्ज्याङको तल्लो र माथिल्लो बजारमा फ्रि इन्टरनेटको व्यवस्था गरिनेछ।
- ❖ मानेभन्ज्याङ ,केत्तुके, हर्कपुर र जयराम बजारलाई सहरी व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- ❖ सार्वजनिक जग्गाको अतिक्रमण गरी बनाइएका घर टहरालाई आवश्यक नीति बनाई व्यवस्थित गरिनेछ ।
- ❖ सडकसँग जोडिएका घर तथा जग्गा धनीले गाउँपालिकाको पूर्वस्वीकृति बिना घर तथा टहरा निर्माण गर्न नपाउने नीति लिइनेछ ।
- ❖ घर नक्सा पास आर्थिक वर्षको सुरुवातदेखि नै गर्ने नीति लिइनेछ ।
- ❖ वन, जलाधार तथा विभिन्न परियोजनासँग साझेदारी गरी हरियाली सडक निमार्णका लागि वृक्षरोपण गरिनेछ ।
- ❖ मुख्य तथा शाखा सडकसँग घर तथा जग्गा जोडिएका धनीले वातावरणीय प्रभाव मूल्याङ्कन नगराई वा गाउँपालिकाको अनुमती नलिई ढुङ्गा, गिटी, बालुवा उत्खनन गर्न नपाइने नीति लिइनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

- ❖ दोस्रो चौमासिक सम्म योजना तथा कार्यक्रम सम्पन्न गर्ने वडा कार्यालयलाई थप प्रोत्साहन बजेट उपलब्ध गराईनेछ।
- ❖ नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन एवम् पद सोपान तथा आदेशको शृङ्खलालाई कायम गर्न प्रमुख प्रशासकीय अधिकृतसँग अध्यक्षले, शाखा प्रमुख तथा वडा सचिवसँग प्रमुख प्रशासकीय अधिकृतले र शाखागत कर्मचारीसँग शाखा प्रमुखले त्रैमासिक कार्ययोजनासहित कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन गरिनेछ ।

- त्रैमासिक कार्ययोजना कार्यान्वयनको समीक्षा बैठक प्रत्येक त्रैमासिक अवधी समाप्त भएको एक हप्ताभित्र शाखागत तथा कार्यालयगत रूपमा बसी प्रगति प्रतिवेदन तयार गरिनेछ ।
- अधिकृतस्तरका कर्मचारीलाई नीति तथा योजना निर्माण र अनुगमन एवम् मूल्याङ्कनमा तथा सहायकस्तरका कर्मचारीलाई सेवा प्रवाह र निर्मित योजना कार्यान्वयनमा संलग्न गराइनेछ।
- बजेट सूचकाङ्कका आधारमा वडाहरूलाई बजेट सीमा निर्धारण गरिने नीति निरन्तरता दिईनेछ।
- गाउँपालिका स्थापना दिवस मनाउने कार्यक्रमलाई निरन्तरता दिई कार्यसम्पादन सूचकका आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
- सेवा करारका कर्मचारीलाई क्रमशः योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने नीति लिइनेछ ।
- जनप्रतिनिधि र कार्यरत सम्पूर्ण कर्मचारीको सामूहिक बीमा गरिनेछ ।
- सेवाग्राहीको गुनासो व्यवस्थापन गर्न गुनासो सुनुवाई अधिकारीको व्यवस्था गरिनेछ ।
- जनताको सुसूचित हुने अधिकारलाई सम्बोधन गर्न गाउँपालिकाको प्रगति प्रतिवेदन तथा गतिविधि संलग्न गरी त्रैमासिक रूपमा बुलेटिन प्रकाशन गरिनेछ ।
- गाउँपालिकामा त्रैमासिक रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिनेछ ।
- वस्तु, सेवा परामर्श र अन्य आवश्यक सामग्री खरिद सम्बन्धी ठेक्का प्रक्रिया आर्थिक वर्षको पहिलो त्रैमासिकभित्र तथा सडक निर्माण सम्बन्धी योजनाको ठेक्का आर्थिक वर्षको दोस्रो त्रैमासिकभित्र जिम्मेवार अधिकारीले अनिवार्य रूपमा प्रक्रिया सुरु गरिसक्नुपर्ने नीति लिइनेछ ।

**<u>विपत् व्यवस्थापनः</u>**

- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी, प्रतिकार्य योजना तथा राहत मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिकाको गोदामघरमा विपद् उद्धार तथा राहत सामग्रीको पर्याप्त मौज्दातको व्यवस्था गरिनेछ ।
- विपद् व्यवस्थापन कोषलाई थप बजेटसहित निरन्तरता दिइनेछ ।

## विविधः

- गाउँपालिकाभित्रका सम्पूर्ण व्यवसाय दर्ता तथा नवीकरण कार्य अनिवार्य गराउन आर्थिक वर्षको सुरु महिनाको पहिलो हप्तामै व्यवसाय दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गरिनेछ ।व्यवसाय दर्ता नविकरण र राजश्व वडा कार्यालयबाटै लिने व्यवस्था गरिनेछ।
- लोकल मदिरालाई स्तरोन्नति गर्दै ब्रान्डिङ गर्ने नीति लिइनेछ । अनुमती बिना मदिरा बिक्री वितरणमा रोक लगाइनेछ ।
- निकासी पैठारीलाई पूर्ण रूपमा करको दायरामा ल्याई बाहिरबाट आई गरिने खुद्रा व्यापारलाई नियन्त्रण गरी बिक्री वितरणमा पूर्ण रूपमा रोक लगाइनेछ ।
- एक वडा एक उत्पादन उद्योग स्थापना गर्ने नीति लिइनेछ ।
- औपचारिक कार्यक्रम, सभा समारोह तथा विभिन्न उत्सव वा स्वागत र विदाई कार्यक्रममा प्रयोग गरिदै आइएको खादा पूर्ण रूपमा निषेध गरी स्थानीय उत्पादनका रुद्राक्ष वा फूलको माला प्रयोग गर्नुपर्ने निरन्तरता दिईनेछ।
- थुम्कि दुम्की सामुदायीक बनको समन्वयमा व्याकुल माईला पर्यटन प्रवर्धन केन्द्रलाई पर्यापर्यटन स्थलका रूपमा विकास गरिनेछ।
- लिब्जु,तलुवागडी, दिब्जु, स्वालेवा पार्क, वानाङ्कु, केत्तुके गुम्बा,केतुके जिपलाईन,बाघपाईले, तीनकन्या पञ्चवती, सिद्धथुम्की धाम, फ्रेफ्रे झर्ना,वाक्दु झर्ना, तलुवा गढी, भोर्ले पोखरी, चिसापानी गुफा, किरातेश्वर (झाक्री) गुफा, किरातेश्वर महादेव, सातसल्ले सहिद पार्क आदिलाई पर्यटकीय स्थलका रूपमा विकास गरिनेछ ।
- सहरी क्षेत्रका रूपमा विकास भइरहेका मानेभन्ज्याङ, केत्तुके, जयराम, हर्कपुरमा फोहोर व्यवस्थापनमा फोहोरको वर्गीकरण गरी फोहोरलाई मोहोर बनाउने नीति लिइ रोजगारीमा आवद्ध गरिनेछ ।

**अन्त्यमा**,

उल्लिखित नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गरी आत्मनिर्भर गाउँपालिका निर्माणको महाअभियानलाई साकार रूप दिन सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सहकारी तथा निजी क्षेत्र र सम्पूर्ण गाउँपालिकाबासीमा सहयोगका लागि अपिल समेत गर्दछु । धन्यवाद ।